लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन/आर्थिक प्रशासन, प्रशासन/व्यापार प्रशासन/राजश्व, छैठौं, अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२८

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : **सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी भाषा क्षमता परीक्षण र व्यवस्थापन**

---

विषयगत

समयः १ घण्टा ३० मिनेट

५० अङ्क

१. नेपालको सार्वजनिक क्षेत्रमा संगठनका सिद्धान्तहरूको प्रयोगबारे आफ्नो धारणा राख्नुहोस् । ५

२. संगठनको प्रभावकारितामा समूह गतिशिलताको महत्व उल्लेख गर्नुहोस् । ५

३. अधिकार प्रत्यायोजन र अधिकार निक्षेपणमा के भिन्नता छ? संगठनभित्र अधिकार प्रत्यायोजन गर्दा के-के विषयलाई बढी ध्यान दिनुपर्छ? अधिकार प्रत्यायोजनको एउटा संक्षिप्त नमूना प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

४. सार्वजनिक सेवा प्रवाहको संक्षिप्त परिचय दिँदै नेपाल नागरिक उड्डयन प्राधिकरणमा सार्वजनिक सेवा प्रवाहका लागि सार्वजनिक सेवा वडापत्रको आवश्यकता र औचित्य पुष्टि गर्नुहोस् । ४+६=१०

५. नेपालको प्रशासनमा कार्यसम्पादन मूल्यांकनको व्यवहारिक अभ्यासको अवस्थाबारे विश्लेषण गर्दै यसलाई कर्मचारीको काम र उसको वृत्तिविकाससँग कसरी तादात्म्यता मिलाउन सकिन्छ? उल्लेख गर्नुहोस् । ४+६=१०

६. नेपालमा वर्षेनी प्राकृतिक प्रकोप (Natural Disaster) का घटनाहरू घट्ने गर्दछन् । त्यस्ता घटनाको न्यूनीकरण र रोकथामको लागि हाल अपनाइएका उपायहरूको सरसर्ती समीक्षा गर्दै प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउन के गर्नुपर्ला? सुझावहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

:: समाप्त ::